**प्रेस विज्ञप्ति**

**जेठ २४, २०७९**

## एन आई सी एशिया फ्लेक्सी क्याप फण्डको इकाई ४ कार्य दिनमा नै माग भन्दा बढी आवेदन प्राप्त । थप आवेदन प्राप्त भएमा योजनाको आकार रु. १ अर्वबाट बृद्धि गरी रु.१ अर्व २५ करोडसम्म कायम गर्न सकिने ।

एन आई सी एशिया फ्लेक्सी क्याप फण्ड (NIC ASIA Flexi CAP Fund) को प्रति इकाई मूल्य रु.१०/- अंकित दरको १० करोड इकाई मिति २०७९ जेठ, १९ गतेदेखि मिति २०७९ जेठ, २४ गतेसम्म निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा संस्था/सर्वसाधारणहरुबाट माग गरे भन्दा बढी आवेदन प्राप्त भएको हुँदा यही मिति २०७९/०२/२५ गते बुधबार, बैंकिङ्ग समय पश्चात् सो इकाई खरीदका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

एन आई सी एशिया फ्लेक्सी क्याप फण्डमा आज मिति २०७९/०२/२४ गते साँझ ५:३० बजेसम्म ९२,२९० आवेदकबाट १ अर्व ६ करोड भन्दा बढी इकाई खरिदको लागि आवेदन परेको छ । उक्त एन आई सी एशिया फ्लेक्सी क्याप फण्डको आकार रु. १ अर्वबाट बृद्धि गरी रु. १ अर्व २५ करोडसम्म कायम गर्न सकिने हुँदा उक्त योजनाको इकाई खरिद गर्नका लागि मिति २०७९ जेठ, २५ गते बैंकिङ्ग समय सम्म आवेदन दिन सकिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

एन आई सी एशिया क्यापिटल योजना व्यवस्थापक रहेको यस एन आई सी एशिया फ्लेक्सी क्याप फण्ड सात वर्ष अवधि रहेको चौथो बन्दमुखी योजना हो । योजनामा संकलित अधिकांश रकम धितोपत्रको दोश्रो बजारमा सूचिकृत कम्पनीहरुमा लगानी गरिने छ । उक्त योजनाको प्रमुख विषेशता भनेको योजनामा संकलित रकम सूचिकृत कम्पनीहरुमा लगानी गर्दा सूचिकृत कम्पनीहरुलाई स्मल क्याप, मिड क्याप र लार्ज क्याप गरी तीन समूहमा वर्गिकरण गरी जुन क्याप भित्र रहेका कम्पनीहरुबाट भविष्यमा राम्रो प्रतिफल प्राप्त गर्न सकिन्छ सोही समूह अन्तर्गतका कम्पनीहरुमा लगानी गरिन्छ । उक्त योजनाको न्यूनतम १०० इकाई र अधिकतम १ करोड इकाईसम्मको लागि खरिद आवेदन दिन सकिन्छ भने इकाई खरिदको लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि-आस्वा (C-ASBA) सेवामा सहभागी सम्पुर्ण बैंक तथा वित्तीय संस्थाहरुको शाखा कार्यालय र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको **"मेरो शेयर"** सफ्टवेयर मार्फत आवेदन दिनु पर्नेछ ।

उक्त फण्डमा लगानी गर्ने इकाईधनीहरुलाई योजनाको अवधिभरमा १३६ प्रतिशत भन्दा बढी प्रतिफल वितरण गरिने प्रक्षेपण गरिएको छ । इकाई खरीदका लागि नेपाली नागरिक, गैरआवासीय नेपालीको प्रमाणपत्र (परिचय पत्र) जारी भएका व्यक्ति, प्रचलित कानून बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चय कोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष आदिले इकाई खरिद गर्न आवेदन दिन सक्ने छन् ।

रमेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

१ नेपाली एक DEMAT

मेरो लगानी, मेरो भविष्य